नेपाल लाइफ
इन्स्योरेन्स कं. लि.

# आ.व. २०७३/०७४ को प्रथम त्रैमासिक प्रतिवेदन

## वासलात

| क्र.सं. | विवरण | लेखा परिक्षण नभएको यस त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण नभएको अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण नभएको अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १ | श्रोत (१.१ देखि १.५ सम्म) | ३६,९३२,२५५,३८५ | ३४,७२९,४२८,२९८ | २७,४३०,५१४,२९८ |
| १.१ | चुक्ता पूँजी | २,१६७,५००,००० | २,१६७,५००,००० | १,७३४,०००,००० |
| १.२ | जगेडा तथा कोष | ३१८,२१३,५२१ | २५९,२४६,४६३ | ७३,७३३,०५० |
| १.३ | जीवन बीमा कोष | ३४,२८९,८०३,०८६ | ३२,१४५,९४३,०५७ | २५,५३८,७६५,१५० |
| १.४ | महाविपत्ती कोष जगेडा | १५६,७३८,७७८ | १५६,७३८,७७८ | ८४,०१६,०९७ |
| १.५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | – | – | – |
| २ | उपयोग (२.१ देखि २.६ सम्म) | ३६,९३२,२५५,३८५ | ३४,७२९,४२८,२९८ | २७,४३०,५१४,२९८ |
| २.१ | स्थिर सम्पत्ति (खुद) | ३१४,५८२,६७० | ३१९,३९५,७८७ | ३३०,३२६,२९५ |
| २.२ | दिर्घकालिन लगानी तथा कर्जा | ११,६६०,१४६,७०३ | ६,००२,६३१,९८७ | १०,५९६,७६५,२६७ |
| २.३ | बीमालेखको धितोमा कर्जा | ४,३४०,४०९,४०६ | ३,८१५,६२३,२४४ | २,५६२,०३७,९३२ |
| २.४ | खुद चालु सम्पत्ति (३-४) | २०,६०८,१६४,५१८ | २४,५८२,८२५,१९३ | १३,९२९,२०६,८२१ |
| २.५ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्च | ८,९५२,०८७ | ८,९५२,०८७ | १२,१७७,९८२ |
| २.६ | नाफा नोक्सान हिसावबाट सारेको नोक्सान | – | – | – |
| | खुद चालु सम्पत्तिको विवरण | | | |
| ३ | चालु सम्पत्ति कर्जा तथा पेश्कीहरु (३.१ देखि ३.३ सम्म) | २१,८२५,४८४,२८२ | २६,१४७,६११,५३५ | १५,०९७,२५३,३९५ |
| ३.१ | नगद तथा बैंक मौज्दात | ४५,३१७,१५६ | १८८,५६२,१८५ | ७५,९९२,१०१ |
| ३.२ | अल्पकालिन लगानी तथा कर्जा | १९,४२८,९८०,८३३ | २४,१२५,८८३,१८२ | १३,२७८,१७५,०३७ |
| ३.३ | अन्य सम्पत्ती | २,३५१,१८६,२९३ | १,८३३,१६६,१६८ | १,७४३,०८६,२५८ |
| ४ | चालु दायित्व तथा ब्यवस्थाहरु (४.१ देखि ४.४ सम्म) | १,२१७,३१९,७६४ | १,५६४,७८६,३४२ | १,१६८,०४६,५७४ |
| ४.१ | चालु दायित्व | ३९८,७८३,०८८ | ८००,९९९,४१२ | ३५६,९०७,९३० |
| ४.२ | असमाप्त जोखिम वापत ब्यवस्था | ३०७,४८३,७०८ | ३०७,४८३,७०८ | ३९६,८५५,०३४ |
| ४.३ | भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | ३४८,४३४,१४६ | ३२५,१३५,६५८ | १९१,१५१,७८९ |
| ४.४ | अन्य ब्यवस्था | १६२,६१८,८२३ | १३१,१६७,५६४ | २२३,१३१,८२० |

## नाफा-नोक्सान हिसाब

| क्र.सं. | विवरण | लेखा परिक्षण नभएको यस त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण नभएको अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण नभएको अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १ | आम्दानी (१.१ देखि १.५ सम्म) | १०४,३६३,६६१ | ५४५,७६७,३९७ | ७८,९३०,४६३ |
| १.१ | आय ब्यय हिसावबाट सारेको | ६७,४००,७०० | ३३५,४६८,९३५ | ३८,८९१,०६० |
| १.२ | जीवन बीमा कोषबाट सारेको* | – | – | – |
| १.३ | लगानी कर्जा तथा अन्यबाट आय | ३६,९६२,९६१ | १६२,४७६,४६१ | ४०,०३९,४०३ |
| १.४ | ब्यवस्था फिर्ता | – | ४७,८२२,००१ | – |
| १.५ | अन्य आम्दानी | – | – | – |
| २ | ब्यवस्था तथा खर्चहरु (२.१ देखि २.८) | ४५,३९६,६०३ | ३२१,२९८,१०३ | ६२,४५६,७२४ |
| २.१ | ब्यवस्थापन खर्च | १०,५२१,५९३ | २८६,३३८,८५३ | १४,०४०,२४५ |
| २.२ | अपलेखन खर्च | – | – | – |
| २.३ | अन्य खर्च | – | – | – |
| २.४ | नोक्सानीको लागि ब्यवस्था | २४,०७२,८४४ | ६५८,०९२ | ४२,५४६,४७५ |
| २.५ | कर्मचारी आवास ब्यवस्था | – | | – |
| २.६ | कर्मचारी बोनस ब्यवस्था | ६,३४२,२१२ | २३,५२०,३७३ | २,०३०,९६० |
| २.७ | आयकर | ४,४५९,९५४ | १०,७८०,७८५ | ३,८३९,०४४ |
| २.८ | जीवन बीमा कोषमा सारेको | – | | – |
| | खुद नाफा/नोक्सान (१-२) | ५८,९६७,०५८ | २२४,४६९,२९४ | १६,४७३,७३८ |

*** कम्पनीको आ.व. २०७२/७३ को जीवन बीमा कोषबाट सारिने मुनाफा समावेश गरिएको छैन।**

## एकिकृत आय-व्यय हिसाब

| क्र.सं. | विवरण | लेखा परिक्षण नभएको यस त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण नभएको अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण नभएको अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १ | आय (१.१ देखि १.७ सम्म) | ३,८९१,९८५,५२६ | १३,११५,४०८,९९३ | ३,१०९,५१२,२२३ |
| १.१ | बीमाशुल्क (खुद) | २,६६०,५६२,२६५ | १०,१३५,१३९,३१९ | १,९९९,४०६,३०४ |
| १.२ | पुनर्बीमा कमिशन आय | २,०००,००० | १४,८६५,१७३ | १,०००,००० |
| १.३ | लगानी, कर्जा तथा अन्यबाट आय | ४६८,६७५,७४८ | १,९७५,९३६,१२२ | ४६१,६६६,०९० |
| १.४ | बीमालेखको धितोमा कर्जाबाट आय | १०७,६८६,१८६ | ३१२,९५५,२९३ | ६३,३०९,९०६ |
| १.५ | अन्य प्रत्यक्ष आय | २०,४४१,९५९ | १०५,७२४,७८२ | १३,७२३,०५९ |
| १.६ | यस वर्षको शुरुको भुक्तानी हुन बाँकी दावी वापत ब्यवस्था | ३२५,१३५,६५९ | १७३,५५१,८२७ | १७३,५५१,८३० |
| १.७ | यस वर्षको शुरुको असमाप्त जोखिम बापत व्यवस्था | ३०७,४८३,७०८ | ३९७,२३६,४७७ | ३९६,८५५,०३४ |
| २ | व्यय (२.१ देखि २.१० सम्म) | १,६८०,७२४,७९७ | ३,९२५,००७,७७६ | १,२८६,५७१,६७७ |
| २.१ | दावी भुक्तानी (खुद) | ५८६,१५४,६०८ | १,३३१,०२४,७६८ | २७३,६२१,०२३ |
| २.२ | अभिकर्ता कमिशन | २५३,०९९,१०९ | १,१४७,९५७,४३६ | २२८,१७१,६९१ |
| २.३ | स्वास्थ्य परिक्षण शुल्क | ९४७,००८ | ६,०५७,४४७ | ९०४,७८९ |
| २.४ | पुनर्बीमा कमिशन खर्च | – | – | – |
| २.५ | सेवा शुल्क (खुद) | २६,६०५,६२३ | १०१,०९४,०७० | १९,९९४,०६३ |
| २.६ | अन्य प्रत्यक्ष खर्च | २२५,५६६ | ५,०८१,२१६ | – |
| २.७ | ब्यवस्थापन खर्च | ९४,६९४,३३५ | ६४६,१४१,५२३ | १२६,३६२,२०७ |
| २.८ | आयकर | ६३,०८०,६९५ | ५५,०३१,९५० | ४९,५११,०८० |
| २.९ | यस अवधिको अन्त्यको भुक्तानी हुन बाँकी दावी वापत | ३४८,४३४,१४६ | ३२५,१३५,६५८ | १९१,१५१,७८९ |
| २.१० | यस अवधिको अन्त्यको असमाप्त जोखिम वापत ब्यवस्था | ३०७,४८३,७०८ | ३०७,४८३,७०८ | ३९६,८५५,०३४ |
| ३ | वचत (१-२) | २,२११,२६०,७२९ | ९,१९५,८४९,५७६ | १,८२२,९४०,५४६ |
| ३.१ | जीवन बीमा कोषमा सारेको | २,१४३,८६०,०२९ | ८,८५४,९३२,२८२ | १,७८४,०४९,४८६ |
| ३.२ | नाफा नोक्सान हिसाबमा सारेको | ६७,४००,७०० | ३३५,४६८,९३५ | ३८,८९१,०६० |

## अन्य विवरण

| क्र.सं. | विवरण | लेखा परिक्षण नभएको यस त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण नभएको अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण नभएको अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १. | कुल बीमाशुल्क आर्जन रकम (रु.हजारमा) (हाल सम्म) | ४२,८६०,८८४ | ४०,१५७,०८७ | २५,४१६,९६३ |
| | कुल बीमाशुल्क आर्जन रकम (रु.हजारमा) (यस आ.व.) | २,७०३,७९७ | १०,२५६,१८९ | २,०२९,७७८ |
| २. | कुल कायम रहेको बीमालेखको संख्या | १,०२०,०७७ | १,२४३,८२२ | ९८५,५९६ |
| ३. | घोषित मुनाफा (बोनस) को दर (७१-७२ सम्मको) | प्रति हजार रु. ६२/- देखि रु. ८२/- | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म |
| ४. | अन्तरिम मुनाफा (बोनस) को दर (७२-७३ देखि हाल सम्म) | प्रति हजार रु. ६२/- देखि रु. ८२/- | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म |
| ५. | कुल दावी भुक्तानी रकम (रु.हजारमा) | ६०९,४५३ | १,३३७,७७७ | ४३६,३०७ |
| ६. | कुल दावी भुक्तानी संख्यामा | ६,१७५ | १९,२२४ | ९,०२४ |
| ७. | भुक्तानी हुन बाँकी दावी रकम (रु.हजारमा) | ३४८,४३४ | ३२५,१३६ | १९१,१५२ |

द्रष्टव्य:
१) कम्पनीको माथी उल्लेखित असमाप्त जोखिम वापतको व्यवस्था बीमाङ्कीय मूल्याङ्कन पश्चात् परिवर्तन हुन सक्ने छ।
२) वित्तिय विवरणमा उल्लेख गरिएका विवरणहरु लेखा परिक्षण तथा नियमक निकायको निर्देशन पश्चात् हेरफेर हुन सक्ने छ।

# आ.व. २०७३/०७४ को प्रथम त्रैमासिक प्रतिवेदन

(धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ को नियम २२ को उपनियम २ को प्रयोजनका लागि)

१) वित्तिय विवरण:

क) प्रथम त्रैमासिक अवधिको वासलात, आयव्यय हिसाब तथा नाफा नोक्सान हिसाब सम्बन्धी मिति २०७३/०७/२८ गतेको कारोबार दैनिक पत्रिकामा प्रकाशित गरिएको छ।

ख) प्रमुख बित्तिय अनुपातहरु :

| | | | | |
|---|---|---|---|---|
| *प्रति शेयर आम्दानी : १०.८८ | प्रति शेयर नेटवर्थ : १२१.९१ | पि.ई. अनुपात : ३७२.१७ | प्रति शेयर कुल सम्पत्तिको मूल्य : १,७५९.६६ | औसत प्रतिफल दर : ७.३१ |

*उपरोक्त वित्तिय अनुपातहरुमा आ.व ०७२/७३ को बीमाङ्कीय मूल्याङ्कनबाट प्राप्त हुने मुनाफा गणना गरिएको छैन।

कम्पनीले आ.व.२०७३/७४ को प्रथम त्रैमासिक अवधि सम्ममा रु. ५.९० करोड मुनाफा आर्जन गर्न सफल भएको छ। गत वर्ष सोहि अवधिमा रु.१.६५ करोड मुनाफा आर्जन भएको थियो। उक्त मुनाफाको दाँजोमा यस समिक्षा वर्षको मुनाफामा २५७.९५ प्रतिशतले बृद्धि भएको छ। सो वित्तिय विवरणमा आय व्यय हिसाबबाट रु. २१४.३९ करोड जीवन वीमाकोषमा सारी कुल जीवन वीमाकोष रु.३,४२८.९८ करोड भएको छ।

२) व्यवस्थापकिय विश्लेषण:

क) कम्पनीको प्रथम त्रैमासिक अवधिसम्ममा कुल वीमाशुल्क आर्जन रु.२७०.३८ करोड रहेको छ जुन गत बर्षको सोहि अवधिमा प्राप्त कुल वीमाशुल्क रु. २०२.९८ करोडको तुलनामा ३३.२१ प्रतिशतले बृद्धी भएको हो। कम्पनीले अङ्गिकार गरेको समयानुकुल बजार प्रवर्द्धन रणनीति तथा बढ्दो जनचेतनाका कारण व्यवसाय बृद्धिमा सकारात्मक योगदान मिलेको छ।

कम्पनीले यस प्रथम त्रैमासिक अवधिसम्ममा कुल रु. ६०.९५ करोड दावी भुक्तानी गरेको छ। कम्पनीले सकेसम्म छिटो र छरितो तरिकाले वीमितहरुको दावी भुक्तानी गर्ने नीति अवलम्बन गरेको छ। कम्पनीको कुल आम्दानी उत्साहजनक रही तरलताको स्थिति सन्तोषजनक रहेको छ।

कम्पनीले प्रथम त्रैमासिक अवधिसम्ममा रु. ३५.४३ अर्व भरपर्दो एवं सुरक्षित क्षेत्रमा लगानी गर्न सफल भएको छ जुन गत बर्षको सोहि अवधिसम्मको कुल लगानी रु. २६.४४ अर्व मा ३४.०० प्रतिशतको बृद्धी हो। विधमान वजारमा लगानीको प्रतिफल अति न्यून हुदै गई रहेको अवस्थामा पनि कम्पनीले विगतका बर्षहरुमा उच्च ब्याज दरमा दिर्घकालिन लगानी गरेको कारण तथा विभिन्न पब्लिक लिमिटेड कम्पनीको शेयरमा गरेको लगानीबाट प्राप्त उत्तम प्रतिफलका कारण यस अवधिसम्मको औसत प्रतिफल समेत उत्साहजनक रहेको छ।

कम्पनीको यस त्रैमासिक अवधि सम्ममा विभिन्न जीवन वीमा योजना अन्तर्गत प्राप्त प्रथम वीमाशुल्कको वर्गिकरण यस अनुसार छ।













ख) कम्पनीले बिद्यमान प्रतिस्पर्धात्मक अवस्थामा समयानुकुल व्यवसायिक योजना र रणनीति अवलम्बन गर्दै आएको छ फलस्वरुप, कम्पनीको व्यवसायिक बिस्तारमा तीब्रता तथा वीमितहरुलाई उच्च स्तरीय सेवा दिन लक्ष्य अनुरुप उपलब्धी हासिल गर्दै गएको र बाँकी अवधिमा पनि व्यवसाय तथा सेवा विस्तारमा विशेष ध्यान दिने लक्ष्य लिएको छ।

ग) बिगतको अनुभवबाट कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि देखिएको छैन।

३) कानूनी कारवाही सम्बन्धी विवरण : नभएको।

४) संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण: क) समिक्षा अवधिमा भएको कम्पनीको शेयर कारोवार वास्तविक र यथार्तपरक रहेको पाएका छौं। ख) त्रैमासिक अवधिको शेयर कारोबारको बिवरण निम्न बमोजिम रहेको छ।

| | | | | |
|---|---|---|---|---|
| अधिकतम मूल्य : रु ४,४३० | न्यूनतम मूल्य : रू. ३,४११ | अन्तिम मूल्य : रू. ४,०५० | कारोबार संख्या : २,९७,१८१ कित्ता | कारोबार दिन : ५५ दिन |

५) समस्या र चुनौती: मुलुकमा जीवन वीमा व्यवसायको सम्भावना उच्च रहेकोले जीवन वीमा प्रति आम मानिसमा सकारात्मक भावनाको विकास गर्न जीवन वीमालाई सामाजिक सुरक्षा तथा अनुसाशित बचतको माध्यमको रुपमा स्थापित गरि वीमा जागरण अभियान संचालनको खाँचो रहेको छ। अर्थतन्त्रमा दीर्घकालिन लगानीको अवसर न्यून भएकोले परम्परागत लगानीका क्षेत्रहरुमा मात्र लगानी एकिकृत भइरहने हुँदा केन्द्रित जोखिमको अवस्था रहेको छ। यद्दपी कम्पनीले समयानुकुल व्यवसायिक रणनितिको कार्यान्वयनद्धारा चुनौतीहरुलाई अवसरमा परिणत गर्दै जानेमा विश्वास लिएको छ।

६) संस्थागत सुशासन: कम्पनीले पारदर्शिता तथा जवाफदेहितालाई पहिलो प्राथमिकतामा राख्दै आएको छ। कम्पनीको अनलाईन कारोवार प्रणालीले आन्तरिक नियन्त्रण प्रणाली चुस्त राख्न सहयोग पुर्‍याएको छ। कम्पनीले आफनो हिसाब किताब सर्वमान्य लेखा सिद्धान्त, नेपाल लेखामान मापदण्ड अनुरुप राख्दै कम्पनीको कारोवारहरुलाई समयमै लेखा परिक्षण गर्दै आएको छ। कम्पनीले आफनो आन्तरिक नियन्त्रणलाई सबल बनाउन आन्तरिक लेखा परिक्षकको रुपमा स्वतन्त्र चार्टर्ड एकाउन्टेन्टलाई नियुक्ति गरि प्रत्येक त्रैमासिक अवधिको प्रतिवेदन प्राप्त गरि छलफल पश्चात वीमा समितिमा पठाउने गरिएको छ। कम्पनीले बीमा समिति द्वारा जारी संस्थागत सुशासन सम्बन्धी निर्देशिका बमोजिमका प्रावधानहरु कार्यान्वयन गर्दै संस्थागत सुशासन कायम गर्ने तर्फ व्यवस्थापन दृढ रहेको छ।

७) सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण: आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा बिवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिबेदनमा उल्लेखित बिवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै बिवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन।

८) नियम २२ (५) संग सम्बन्धित विशेष घटना वा परिस्थिति सम्बन्धी विवरण: नभएको।


रजिष्टर्ड कार्यालय: मेनरोड वीरगञ्ज (पर्सा)प्रधान कार्यालय: हेरिटेज प्लाजा १, दोश्रो तल्ला, कमलादी, काठमाडौं
फोन नम्बर: ९७७-१-४१६९०८२/८३/८५, फ्याक्स नं. ९७७-१-४१६९०७९
www.nepallife.com.np | info@nepallife.com.np


किनकि जीवन अमूल्य छ...